नेपाल सरकार

# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

फोन ४२०००००, ४२००२८१, ४२००२९७, ४२००२९९

पत्र संख्या:-

चलानी नं.:-

मिति २०७२ बैशाख १८, १३:०० बजे सम्मको विवरण

## प्रेस विज्ञप्ति

**(महाभूकम्प २०७२: उद्धार तथा राहतसम्बन्धी प्रारम्भिक विवरणका आधारमा तयार पारिएको)**

२०७२/१/१२ को महाभूकम्प पश्चात नेपाल सरकारले उद्धार तथा राहतसम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सम्पादन गर्ने गराउने निर्णय अनुरुप यस मन्त्रालयले स्थानीय निकायहरु जिल्ला विकास समिति, नगरपालिका (नपा), गाउँ विकास समिति (गाविस) तथा यस अन्तर्गतका विभाग, कार्यालय एवं निकायहरुलाई पूर्ण परिचालन गरी उद्धार तथा राहत कार्यमा समन्वय समेत गर्दै आईरहेको छ । महाभूकम्पबाट प्रभावित भै अति संकटग्रस्त १४ जिल्लाहरु लगायत नेपाल राज्यभर **मन्त्रालय र स्थानीय निकायहरुबाट** भएका प्रतिकार्यका *मुख्य* प्रयास र अवस्थाहरु देहाय बमोजिम रहेका छन्:

(अति प्रभावित १४ जिल्लाहरु - गोरखा, सिन्धुपाल्चोक, धादिगं, काभ्रे, दोलखा, नुवाकोट, रामेछाप, सिन्धुली, रसुवा, काठमाण्डौं, ललितपुर, भक्तपुर, मकवानपुर र ओलखढुंगा जिल्लामा केन्द्रीत रही संकलित विवरण)

| क्र.स. | विषय | प्रतिकार्यका प्रयास र अवस्थाहरु |
|---|---|---|
| १. | *मन्त्रालयबाट भएका मुख्य कार्यहरु* | • संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय २०७२।१।१८, शुक्रवार र २०७२।२।१९, शनिवार समेत सम्पूर्ण कर्मचारीहरुलाई अनिवार्य उपस्थित हुने व्यवस्था मिलाई काम काज गरिरहेको छ ।<br>• सार्वजनिक विदाका दिन समेत कार्यालय खोली राहत तथा उद्धारको कार्यमा सहयोग पुऱ्याउन मिति ०७२।१।१४ मा निर्देशन दिइएकोले सोही अनुरुप कार्य भई रहेको छ ।<br>• भूकम्पबाट अति प्रभावित भएका १४ वटा जिल्लाका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले रा.प.द्वितीय श्रेणीको अधिकृत (उप सचिव) स्तरको कर्मचारी फोकल पर्सनका रुपमा तोकी एकद्वार प्रणालीबाट समन्वय र सहजीकरणको लागि कार्य सुरु गरिएको छ ।<br>• संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तरगत कार्यरत सबै सामाजिक परिचालकहरुलाई महामारी फैलिएका स्थानहरुबाट विरामीहरुको सूचना संकलन गरी उपचारको लागि नजिकैको स्वास्थ्य संस्था वा शिविरमा पुऱ्याउन परिचालन गर्ने र निजहरुले गरेको कामको विवरण दैनिक रुपमा मन्त्रालयमा पठाउने तथा कार्यस्थलमा उपस्थित नहुने वा कार्य नगर्ने सामाजिक परिचालकहरुलाई निलम्बन गर्न (हटाउन) सबै जिल्ला तथा नगरपालिकाहरुलाई निर्देशन दिइएको छ ।<br>• राष्ट्रिय ग्रामिण यातायात सुदृढीकरण कार्यक्रम (SNRTP) ३३ वटा जिल्लामा लागु भएकोमा महाभूकम्पबाट अति संकटग्रस्त लमजुगं, गोरखा र सिन्धुपाल्चोक गरी ३ जिल्लामा थप गर्ने निर्णय भएको छ । |

पूर्णचन्द्र भट्टराई
सह-सचिव / प्रवक्ता

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौं
फोन ४२००००० ४२००२८१ ४२००२९७ ४२००३११

पत्र संख्या:-
चलानी नं.:-

| | | |
|---|---|---|
| २ | उद्धार र राहत सम्वन्धी कार्य | • अति प्रभावित १४ जिल्ला समेत २०९९२ त्रिपाल/टाट, ५११७ अस्थायी शौचालय, ८७६ वटा अस्थायी शिविर सञ्चालनमा रहेका ।<br>• हालसम्म संकलित तथ्यांकबाट नेपालभर ६९९ वटा स्वास्थ्य चौकी र ४५०० वटा विद्यालय भवन पूर्णत: ध्वस्त भएको जानकारी प्राप्त भएको छ ।<br>• स्थानीय पूर्वाधार तथा कृषि सडक विभागको पुल्चोक स्थित श्रीमहलमा रहेको कार्यालय जोखिमपूर्ण अवस्थामा रहेकोले तुरुन्त सुरक्षित स्थानमा सारी सेवा सुचारु गर्ने प्रयास सुरु गरिएको छ । साथै, महाभुकम्पबाट प्रभावित भई कार्यालय सञ्चालन हुन नसक्ने अवस्थाका भवनहरुको समेत लगत संकलन गरिने ।<br>• अति प्रभावित क्षेत्रहरुका घरहरुको अवस्था नाजुक रहेकाले भत्काउनु पर्ने अवस्थाका घरहरु तुरुन्तै भत्काउन उपयुक्त साधन र जनशक्तिको अत्यधिक माग भईरहेको छ ।<br>**काठमाण्डौं उपत्यका भित्र**<br>• बैशाख १७ मा गते ६५ वटा गाडिबाट ३०० पटक गरी ९४० टन फोहोर ३५ वटै वडामा रहेका शिविरहरुबाट समेत संकलन गरिएको छ ।<br>• १५०० थान मास्क र पन्जा वितरण गरिएको छ ।<br>• ७०० बोरा चुना प्रयोग गरी सरसफाइको काम गरिएको छ ।<br>• २४००० लिटर सुगन्धित औषधि सहितको पानी चार वटा उपकरणबाट शिविर र खोला किनाराहरुमा छर्किएको छ ।<br>• औषधि उपचार तर्फ आठ प्रमुख स्थानमा मोवाइल एम्वुलेन्स मार्फत ६५० जनालाई औषधि वितरण गरिएको तथा सोही स्थानहरुमा सरसफाई सम्वन्धी माइकिगं गरिएको छ ।<br>• सिसडोलमा भूकम्पबाट पिडितहरुका लागि ५०० वटा थप पालको माग गर्दै फोहोर फाल्न सामान्य अवरोध गरेकोले उक्त पाल उपलब्ध गराउन समन्वय गरिएको छ ।<br>• काठमाण्डौं उपत्यकाको फोहोर ब्यवस्थापन गर्न थप ७ बटा ट्रक आवश्यक भएकोले सोका लागि वागमती अधिकार सम्पन्न आयोजनासँग समन्वय गरिएको छ । |
| ३. | क्षति र राहत सम्वन्धी सूचना संकलन | • भूकम्पबाट अति प्रभावित भएका १४ वटा जिल्लामा उद्धार तथा राहत सम्वन्धी आवश्यक समन्वय र सूचना संकलन गर्न सर्म्पक व्यक्तिको रुपमा उप सचिव श्री लिला अधिकारी काठमाण्डौं, उप सचिव श्री नरहरी भण्डारी ललितपुर, उप सचिव श्री लक्ष्मी पाण्डे भक्तपुर, श्यामराज अधिकारी सिन्धुपालञ्चोक, उप सचिव श्री रमेश के.सी. नुवाकोट, उप सचिव श्री शालीकराम रिजाल धादिगं, उप सचिव श्री ईश्वरराज पौडेल रसुवा, उप सचिव श्री महेशराज तिमिल्सीना दोलखा, उप सचिव श्री राजेश गौतम रामेछाप, उप सचिव श्री रमेश न्यौपाने सिन्धुली, उप सचिव श्री रामदत्त पाण्डे ओखलढुंगा, उप सचिव (कानून) श्री वलसागर गिरी काभ्रेपलाञ्चोक, उप सचिव श्री रामप्रसाद पाण्डे गोरखा, उप सचिव श्री विष्णुप्रसार रेग्मी मकवानपुरलाई जिम्मेवारी दिइएको छ ।<br>• पूर्वाधार तर्फ भएका क्षतिहरुको विवरण समन्वयात्मक तवरले जिल्लागत रुपमा संकलन गर्न स्थानीय पूर्वाधार तथा कृषि सडक विभागलाई निर्देशन दिइएको छ । |

पूर्णचन्द्र भट्टराई
सह-सचिव